# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः ३ मितिः २०८२।०३।२६

## भाग-१

शिवराज नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम शिवराज नगरसभाले यो **शिवराज नगरपालिकाको व्यवसाय सञ्चालन ऐन** , २०८२ जारी गरेको छ ।

खण्डः ९ संख्याः ३ मितिः २०८२।०३।२६

# शिवराज नगरपालिकाको व्यवसाय सञ्चालन ऐन , २०८२

**नगर सभाबाट स्वीकृत मितिः २०८२।०३।१०**

**प्रस्तावनाः**

शिवराज नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने व्यवसायहरुको दर्ता, नवीकरण, नियमन र खारेजी तथा व्यवसायहरुको अभिलेखकरण गर्न र व्यवसाय करलाई व्यवस्थित एवम् प्रभावकारी रुपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार स्रचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार बमोजिम नगरपालिकाले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

संक्षिप्त नाम र प्रारम्भः

१) यो ऐनको नाम “व्यवसाय सञ्चालन ऐन, २०८२ रहेकोछ ।

२) यो ऐन नगरपालिका क्षेत्रभर लागू हुनेछ र यस ऐनमा व्यवस्था भए बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ ।

३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो ऐनमा,

क) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र व्यसाय सञ्चान ऐन, २०८२ सम्झनु पर्छ ।

ख) “कर” भन्नाले ऐन र यस ऐन बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको व्यवसायमा पूँजीगत लगानी, व्यवसायको प्रकृति र आर्थिक कारोबारका आधारमा बर्गीकरण गरी दर्ता र नवीकरणमा लगाउन सक्ने व्यवसाय करलाई सम्झनुपर्छ र सो शब्दले व्यवसाय करको अतिरिक्त प्रचलित कानून बमोजिम सोमा लाग्ने व्याज वा हर्जाना वा शुल्क वा जरिवाना समेतलाई जनाउँछ ।

ग) “कर अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी प्राप्त प्रमुख प्रशासकीय अधिकृतद्वारा प्रत्यायोजित अधिकार प्राप्त यस नगरपालिकाको अधिकृतलाई समेत जनाउँछ ।

घ) “कर एकाइ” भन्नाले नगरपालिकामा कर सम्बन्धी काम, कारवाही र निर्णय गर्ने जिम्मेवारी प्राप्त कार्यपालिकाको कार्यालय अन्तरगतको शाखा, उपशाखा, वडा कार्यालय वा राजस्व प्रशासनका लागि गठन गरिएको प्रशासनिक एकाइ सम्झनु पर्छ ।

ङ) “करदाता” भन्नाले व्यवसाय सञ्चालन ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएका व्यक्ति, उद्योग, व्यापार, व्यवसाय, फर्म वा संस्थालाई सम्झनु पर्दछ र यो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारबाही शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ ।

च) “कार्यपालिका” भन्नाले शिवराज नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

छ) “कार्यालय” भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ र सो शब्दले नगरपालिकाको संगठन संरचनामा रहेको शाखा,उपशाखा वडा वा राजस्व प्रशासनका लागि गठन गरिएको प्रशासनिक एकाई वा वडा कार्यालय समेतलाई जनाउँछ ।

ज) “नगरपालिका” भन्नाले शिवराज नगरपालिका सम्झनु पर्दछ ।

ञ) “व्यवसाय” भन्नाले नगरपालिका क्षेत्रभित्र संचालन गरिने कुनै पनि प्रकारको उद्योग, व्यापार, पेशा,वित्तीय कारोबार गर्ने संस्था लगायत यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोबार सम्झनु पर्दछ ।

ट) “वडा कार्यालय” भन्नाले नगर कार्यपालिका अन्तर्गतको वडा कार्यालयलाई सम्झनु पर्दछ ।

ठ) “प्रमुख प्रशासकीय अधिकृत ”भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## व्यवसाय दर्ता, नवीकरण र बर्गीकरण सम्बन्धी व्यवस्था

३. दर्ता गरी व्यवसाय सञ्चालन गर्नुपर्नेः (१) नगरपालिका क्षेत्रभित्र व्यवसाय सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले अभिलेख प्रयोजनको लागि नगरपालिकामा व्यवसाय दर्ता गर्नु पर्नेछ ।

तर, व्यवसाय सञ्चालन गर्नु पूर्व प्रचलित कानून बमोजिम तोकिएको निकायबाट अनुमति लिनुपर्ने अवस्थामा सम्बन्धित निकायबाट अनुमति लिनुपर्ने दायित्व सम्बन्धित व्यवसाय सञ्चालन गर्ने व्यक्तिको हुनेछ ।

२) व्यवसाय सञ्चालन ऐन प्रारम्भ हुनु अगावै  नगरपालिकामा दर्ता नगरी सञ्चालन भैरहेका व्यवसाय समेत यस ऐन बमोजिम अनिवार्य रुपमा दर्ता गराउनु पर्नेछ ।

३) उपदफा (२) बमोजिम व्यवसाय दर्ता गर्ने प्रयोजनका लागि कार्यालयले निश्चित अवधि तोकी व्यबसाय दर्ता गराउनका लागि अनुसूची—१ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नेछ ।

४) उपदफा (३) बमोजिमको सूचनालाई कार्यालयले रेडियो, टेलिभिजन, पत्रपत्रिका लगायत अन्य उपयुक्त संचार माध्यमद्वारा प्रचार प्रसारको व्यबस्था मिलाउन सक्नेछ ।

५) उपदफा (२) बमोजिम दर्ता नगरी सञ्चालन भएका व्यवसायलाई कार्यालयले निजले तिर्नु पर्ने कर असुल उपर गरी व्यवसाय बन्द गर्न÷गराउन सक्नेछ ।

४. व्यवसाय दर्ताको लागि दरखास्त दिने र दर्ता गर्नेः (१) नगरपालिका क्षेत्रभित्र व्यवसाय सञ्चालन गर्नचाहने व्यक्ति वा संस्थाले अनुसूची-२ मा उल्लिखित ढाँचामा कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिमको दरखास्त दिँदा देहायका विवरण तथा कागजात समेत संग्लन गरेको हुनुपर्नेछः

क) व्यवसायीको नेपाली नागरिकताको प्रतिलिपि

ख) प्रचलित कानून बमोजिम अन्य निकायबाट व्यवसाय दर्ता र इजाजत प्राप्त गरेको  प्रमाणपत्रको प्रतिलिपि

ग) सम्बन्धित वडा कार्यालयको सिफारिस

घ) कार्यालयले तोकेको अन्य विवरण तथा कागजातहरु

ङ) सर्जिमिन मुचुल्का

च) सञ्चालकको दुई प्रति पासपोर्ट साईजको फोटो ।

छ) गैर नेपाली नागरिकको हकमा सम्बन्धित देशको नागरिकता वा नागरिक जनिने प्रमाण पत्रको प्रतिलिपि र नेपाल स्थित राजदुतावासबाट प्रमाणित कागजात र आन्तरिक राजस्व कार्यालयमा व्यवसाय प्रयोजनको लागि जम्मा गरेको धरौटी रकम रसिद प्रतिलिपि ।

तर विदेशी नागरिकको हकमा संघीय कानून र प्रदेश कानून अनुसार दर्ता गर्न अनुमतिको स्वीकृत दिएको हकमा गरनिछ अन्यथा दर्ता गरिने छैन ।

३) उपदफा (१) बमोजिम दरखास्त प्राप्त भएपछि कार्यालयले सो उपर आवश्यक जाँचबुझ गरी आर्थिक ऐनमा तोकिए बमोजिमको दर्ता शुल्क लिई व्यवसाय दर्ता गर्नेछ ।

४) उपदफा (३) बमोजिम व्यवसाय दर्ता भएपछि कर एकाईले दर्ता भएको व्यवसायको विवरण अनुसूची-३ बमोजिमको व्यवसाय दर्ता किताबमा उल्लेखगरी व्यबसायको लगत कायम गर्नेछ ।

५) उपदफा (३) बमोजिम व्यवसाय दर्ता भएपछि कर एकाईले निवेदकलाई अनुसूची-४ को ढाँचामा व्यवसाय दर्ता प्रमाणपत्र उपलब्ध गराउनेछ ।

६) वडा कार्यालयमै व्यवसाय दर्ता गर्ने व्यबस्था मिलाइएको अवस्थामा यस दफा बमोजिम व्यबसाय दर्ताको लागि दरखास्त लिने र व्यबसाय दर्ता गरी प्रमाणपत्र दिने कार्य सम्बन्धित वडा कार्यालयले गर्नेछ ।

७) उपदफा (६) बमोजिम दर्ता भएका व्यबसायहरुको विवरण मासिक रुपमा कर एकाइमा पठाउनु पर्नेछ ।

८) कुनै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एकभन्दा बढी स्थानमा व्यवसाय सञ्चालन गर्नुपर्ने भएमा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक छुट्टाछुट्टै व्यवसाय दर्ता गराउनु पर्नेछ ।

९) एक पटक व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय सञ्चालनमा रहेको मानी कर असूल गरिनेछ ।

५. व्यवसाय नवीकरण गर्नुपर्नेः (१) दफा ४ बमोजिम दर्ता भएका ब्यवसायीहरुले वार्षिक रुपमा ब्यवसाय कर चुक्ता गरी ब्यवसायको नवीकरण गराउनु पर्नेछ ।

९२) उपदफा (१) बमोजिम कर चुक्ता गरी नवीकरण गराउने कार्य प्रत्येक आर्थिक वर्ष भित्रगराई सक्नुपर्नेछ ।

६. घुम्ती सेवा सञ्चालन गर्न सकिनेः (१) कार्यालयले यस ऐन बमोजिम व्यवसायको दर्ता, नवीकरण र खारेजी सम्बन्धी कार्यको सहजताका लागि व्यवसायीलाई पायक पर्ने स्थानमा घुम्ती सेवा सञ्चालन गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिमको घुम्ती सेवा सञ्चालनका लागि नगरपालिकामा क्रियाशील व्यवसायिक तथा पेशागत संघ'संस्थाहरुसँग समन्वय गर्न सक्नेछ ।

७. व्यबसायको बर्गीकरण सम्बन्धी व्यबस्थाः (१) नगरपालिकाले व्यबसाय कर प्रयोजनका लागि आफ्नो क्षेत्रभित्र सञ्चालन हुने व्यबसायलाई व्यबसायको किसिम, कारोबार तथा पूँजी लगानी एवं स्थानगत अवस्था समेतका आधारमा अनुसूची-५ मा उल्लिखित ढाँचामा वर्गीकरण गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम वर्गीकरण गर्ने कार्य व्यबसाय दर्ता गर्दाकै बखत गरिने र सोको व्यहोरा व्यबसाय प्रमाण पत्रमा नै उल्लेख गनुपर्नेछ ।

३) कर अधिकृतले व्यबसाय कर निर्धारण गर्दा उपदफा (१) बमोजिम कायम गरिएको वर्गीकरणलाई आधार मानी गर्नुपर्नेछ ।

## परिच्छेद - ३

## विवरण हेरफेर सम्बन्धी व्यवस्था

८. विवरण हेरफेर भएमा जानकारी गराउनु पर्नेः (१)करदाताले व्यवसाय सञ्चालन गर्दा निवेदन साथ पेश गरेका विबरणमा हेरफेर, परिवर्तन वा नामसारी गर्नुपर्ने भएमा व्यवसाय सञ्चालन भएको वडाको सिफारिस सहित निवेदन मार्फत कार्यालयमा जानकारी दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचबुझ गरी व्यहोरा मनासिव देखिएमा विबरण हेरफेर भएको कारण व्यबसायको प्रकृति र कारोबार गर्ने वस्तु तथा सेवाको किसिममा संशोधन हुने रहेछ भने सो प्रकृतिको व्यवसायको लागि तोकिएको कर रकम र विवरण हेरफेर वापत आर्थिक ऐनमा तोकिएको दस्तुर लिई विवरण संशोधन गरिदिनु पर्नेछ ।

३) उपदफा (२) बमोजिम संशोधन गरिएको विवरणको व्यहोरा कर एकाइले व्यवसाय दर्ता किताब र प्रमाण पत्रमा समेत उल्लेख गरी सोको विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा पठाउनु पर्नेछ ।

४) उपदफा (२) बमोजिम व्यवसायको प्रकृति र कारोबार गर्ने वस्तु तथा सेवाको किसिममा परिवर्तन भै कायम हुने नयाँ प्रकृतिको व्यवसायको कर साविकको प्रकृतिको व्यवसायको निमित्त तोकिएको करभन्दा बढी लाग्ने भएमा सो फरक रकम मात्र असुल गरिनेछ र कम लाग्ने अवस्थामा आगामी आर्थिक वर्षदेखि नयाँ कायम हुने दरले कर लिने गरी चालु आर्थिक वर्षको हकमा साविककै प्रकृति बमोजिम कर असुल गरिनेछ ।

५) यस दफा बमोजिम विवरण हेरफेर सम्बन्धी कार्य वडा कार्यालय मार्फत हुने व्यवस्था मिलाइएको अवस्थामा हेरफेर भएको विवरण पन्ध्र दिन भित्र कर एकाइ र सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

९.साझेदार थपघट र ठाउँसारी सम्बन्धी प्रकृयाः(१) एक व्यक्ति वा एकभन्दा बढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजात समेत संलग्न राखी कार्यालयमा निवेदन दिनुपर्नेछ।

२) उप दफा (१) बमोजिम निवेदन परेमा सम्बन्धि शाखाले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्ष सम्मको कर असुल गरी आर्थिक ऐनमा तोकिएको दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृत वा शाखा प्रमुखको स्वीकृतिले साझेदार थपघट सम्बन्धी विबरण कायम गरी सोको जानकारी सम्बन्धित व्यवसायी र वडा कार्यालयलाई समेत दिनु पर्नेछ ।

३) नगरपालिका क्षेत्रभित्र एक स्थानमा सञ्चालनमा रहेको व्यवसाय नगरपालिका क्षेत्रभित्र कै अर्को स्थानमा ठाँउसारीको लागि निवेदन परेमा कर असुल गरी कार्यालयको लगत तथा व्यवसाय दर्ता प्रमाणमा समेत विबरण अध्यावधिक गरिदिनु पर्नेछ ।

४) उपदफा (३) बमोजिम ठाउँसारी भएको जानकारी सम्बन्धित वडा तथा साविकको वडा कार्यालय र सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयलाई समेत दिनुपर्नेछ ।

५) नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको व्यवसाय नगरपालिका क्षेत्र भन्दा बाहिर अर्को स्थानमा ठाउँसारीको लागि वडाको सिफारिस सहित निवेदन परेमा सम्बन्धित शाखाले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्ष सम्मको कर असुल गरी कार्यालयको लगतमा विबरण अध्यावधिक गरी ठाउँसारी जाने स्थानीय तहलाई लेखि पठाई सोको जानकारी समबन्धित व्यवसायी र वडा कार्यालयलाई समेत दिनु पर्नेछ । (६) उपदफा (२) ,९४) र (५) बमोजिमको जानकारी प्राप्त भएपछि सम्बधिन्त वडा कार्यालयले आफनो व्यवसाय लगत किताबमा विबरण जनाई लगत अध्यावधिक गर्नु पर्नेछ ।

७) उपदफा (५) बमोजिम लगत खारेजको लागि लेखी गएपछि तोकिएको समयभित्र सम्बन्धित कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गराउनु सम्बन्धित व्यबसायीको कर्तव्य हुनेछ ।

१०.विवरण माग गर्न र निर्देशन दिन सक्नेः (१) कुनै पेशा, व्यवसाय वा व्यापारको सम्बन्धमा विवरण बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा सम्बन्धित शाखा प्रमुखले निजलाई आधार र कारण खोली विवरण दाखिला गर्न आदेश दिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले तीस दिन भित्र सम्बन्धित शाखामा विवरण दाखिला गर्नु पर्नेछ ।

३) उपदफा (२) बमोजिमको म्यादभित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार कारण खोली समयावधी थपको लागि निवेदन दिएमा प्रमुख प्रशासकीय अधिकृतले औचित्य हेरी तीस दिनसम्मको समयावधि थप दिन सक्नेछ ।

४) यस ऐन बमोजिम दर्ता भएका पेशा वा व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ र यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ ।

## परिच्छेद ४

## कर बुझाउने दायित्व, कर निर्धारण र कर दाखिला

११.कर बुझाउने दायित्वः (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको व्यापार, व्यबसाय वा सेवामा पूजीगत लगानी र आर्थिक कारोबारका आधारमा बर्गीकरण गरी व्यबसाय दर्ता र नवीकरणमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा व्यबसाय कर लगाउने र उठाउनेछ ।

२) यस ऐन बमोजिम व्यबसाय कर बुझाउने दायित्व व्यबसाय सञ्चालन गर्ने व्यक्ति वा निजको प्रतिनिधीको हुनेछ ।

३) कुनै व्यबसायको सम्बन्धमा उपदफा (२) बमोजिम कर बुझाउने दायित्व एकभन्दा बढी व्यक्ति उपर रहेछ भने कर बुझाउने दायित्व सबैको समान हुनेछ र उनीहरु मध्ये आपसी सहमतीमा जुनसुकै व्यक्तिले कर बुझाउन सक्नेछ ।

तर, सबै करदाताबाट दामासाहीले भाग गरी कर असुल गरिने छैन ।

४) यस ऐन बमोजिम कर तिर्नुपर्ने व्यक्ति नाबालक रहेछ भने निजले बुझाउन पर्ने कर निजको अभिभावक वा निजको संरक्षकले तिर्नुपर्नेछ ।

५) ऐनमा व्यवस्था भए बमोजिम व्यबसाय दर्ता गराउने, तोकिएको समयमा विबरण पेश गर्ने, बुझाउनु पर्ने कर तथा शुल्क वा जरिवाना वा व्याज हर्जाना समयमै दाखिला गर्ने, सम्बन्धित शाखा वा कार्यालयले माग गरेको सूचना वा तथ्यांक समयमै उपलब्ध गराई सहयोग पुर्याउने दायित्व समेत करदाताको हुनेछ ।

१२. कर निर्धारणः (१) करदाताले दफा ४ बमोजिम व्यबसाय दर्ता गर्दा पेश गरेको विबरण र परिच्छेद ३ बमोजिम हेरफेर भएको विबरण समेतका आधारमा राजस्व शाखाले आर्थिक ऐनमा भए बमोजिम कर निर्धारण गर्नेछ ।

२) यस ऐन बमोजिम करदाताले पेश गरेको बिवरण गलत वा झुठो देखिएमा वा विबरण यथार्थ देखाएको भनी विश्वास गर्न सकिने मनासिब कारण नदेखिएको अवस्थामा आर्थिक विकास शाखा र राजस्व शाखाले आर्थिक ऐनमा व्यवस्था भए बमोजिम गर्ने र यदी सो सम्बन्धी कर निर्धारण गर्न सक्नेछ ।

१३. कर निर्धारणको सूचनाः (१) दफा १२ बमोजिम कर अधिकृतबाट कर निर्धारण भएपछि करदाताले बुझाउनु पर्ने कर रकम, स्थान, समय सीमा र बैंक खाता नम्बर समेत उल्लेख गरी अनुसूची ६ बमोजिमको ढाँचामा करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम कर निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिखित स्थान र समय सीमाभित्र कर दाखिला गर्नु पर्नेछ ।

३) उपदफा (१) बमोजिम तोकिएको बैंक खातामा कर दाखिला गरेको अवस्थामा करदाताले त्यसको बैंक भौचर कार्यालयमा बुझाउनु पर्नेछ ।

४) कार्यालयले यस कार्यविधि बमोजिम निर्धारण गरिएको कर विद्युतीय माध्यमबाट समेत भुक्तानी गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

१४.कर दाखिला गर्नुपर्नेः (१) करदाताले ऐन र यस कार्यविधि बमोजिम प्रत्येक आर्थिक वर्षको निमित्त तिर्नुपर्ने कर रकम सोही आर्थिक वर्षको आषाढ मसान्तभित्र कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

२) उपदफा (२) बमोजिम अग्रिम रुपमा कर दाखिला गर्दा पाउने छुट सुविधा नगरपालिकाको प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

१५.कर दाखिलाको निस्सा दिनुपर्नेः करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर रकम दाखिला गरेपछि कार्यालयले करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ ।

१६.कर असूली सम्बन्धी व्यबस्थाः (१) ऐन र यस कार्यविधि बमोजिम असूल उपर गर्नुपर्ने कर वापतको रकम करदाताले दफा १४ बमोजिम तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरिका अपनाई कर असूल गर्न सक्नेछः

क) करदातालाई फिर्ता गर्नुपर्ने भए त्यसमा कट्टी गरेर ।

ख) नेपाल सरकार, प्रदेश सरकार, नगरपालिका वा सरकारी स्वामित्वका संघसंस्थाबाट करदाताले पाउने रकमबाट कट्टी गर्न लगाएर ।

ग) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टी गर्न लगाएर ।

घ) करदाताको कारोबार रोक्का गरेर ।

ङ) करदाताको चल तथा अचल सम्पत्ति दावी वा रोक्का गरेर ।

च) करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी तोकिएबमोजिम लिलामविक्री गरेर ।

२) उपदफा (१) बमोजिमको प्रकृया प्रारम्भ गर्नुअघि करदातालाई पन्ध्र दिनको म्याद सहित लिखित जानकारी गराउनु पर्नेछ ।

३) उपदफा (१) को खण्ड (च) बमोजिम लिलामको कारवाही शुरु भएपछि सो कारवाही समाप्त हुनुपूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कर रकमको थप पाँच प्रतिशत शुल्क सहित असूल गरिनेछ ।

४) लिलामबाट प्राप्त रकम करदाताले तिर्नुपर्ने कर रकमभन्दा बढी भएमा बढी भएजति रकम साठ्ठी दिनभित्र सम्बन्धित करदातालाई फिर्ता दिनुपर्नेछ ।

५) उपदफा (४) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

## परिच्छेद-५

## व्यवसाय दर्ता खारेजी तथा दण्ड जरिवाना

१७.व्यवसाय दर्ता खारेज गर्न सकिने:(१)कुनै करदाताले व्यबसाय बन्द गर्न चाहेमा यस ऐन बमोजिम लाग्ने कर बुझाई व्यबसाय दर्ता खारेज गर्न निवेदन दिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम निवेदन नपरे सम्म व्यवसाय सञ्चालनमै रहेको मानी कर असुल उपर गरिनेछ ।

३) व्यवसायीले यस कार्यविधि बमोजिम दर्ता भएको व्यवसाय बन्द गर्न चाहेमा सोको कारण खोली सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्ष सम्मको कर रकम असूल गरी व्यवसाय खारेजीको लागि कर एकाईमा सिफारिस सहित पठाउनु पर्नेछ ।

५) उपदफा (४) बमोजिम वडा कार्यालयबाट सिफारिस भै आएपछि कर एकाइले कागजात अध्ययन गरी लगत कट्टा बापत आर्थिक ऐनमा तोकिएको दस्तुर लिई लगत कट्टा गरी सोको जानकारी सम्बन्धित वडा कार्यालय, व्यबसायी र सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयलाई दिनुपर्नेछ ।

६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यो ऐन लागू हुनु पूर्व दर्ता भई विगत देखि नै सञ्चालनमा नरहेका व्यवसायको हकमा लगत कट्टाको लागि कार्यालयले निश्चित अवधि तोकी आवश्यक प्रमाण सहित निवेदन पेश गर्न सूचना प्रकाशन गर्न सक्नेछ ।

७) उपदफा (६) बमोजिम लगत कट्टा गर्दा अपनाउनु पर्ने अन्य ऐन समय समयमा कार्यपालिकाले तथा नगर सभाले तोकिदिए बमोजिम हुनेछ ।

८) माथि उल्लेख भएका उपदफाहरुमा जे सुकै व्यहोरा लेखिएको भएता पनि झुठा विवरण पेश गरी व्यवसाय दर्ता प्रमाण पत्र प्राप्त गरेको ठहर भएमा तथा व्यवसाय दर्ता जारी गर्ने शाखाले जारी गरेका व्यवसाय दर्ता प्रमाण पत्र अनुगमनको क्रममा आवश्यक कागजात वा रित नपुगेको ठहर भएमा जुनसुकै बखत व्यवसाय दर्ता प्रमाण पत्र खारेजी गर्न सक्नेछ ।

९) माथि उल्लेख भएका उपदफा अनुरुप एकपटक खारेजी भईसकेका वा खारेजी गरिसकेका व्यवसायहरु पून सञ्चालन गर्न सकिने छैन । तर नयाँ दर्ता गरि सञ्चालन गर्न वाधाँ पर्ने छैन ।

१८.जरिवाना तथा थप दस्तुर लाग्नेः (१) ऐन र यस कार्यविधि बमोजिम कर बुझाउनु पर्ने अवधिभित्र कर नबुझाएमा आर्थिक ऐनमा तोकिएको दरमा जरिवाना सहित कर असुल गरिनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा १७ को उपदफा (६) बमोजिम लगत कट्टा हुने व्यबसायको हकमा यस दफा बमोजिमको जरिवाना लगाइने छैन ।

१९.कर नतिर्नेको विवरण प्रकाशन गर्न सक्नेः नगरपालिकाले ऐन तथा यस कार्यविधि बमोजिम तिर्नु बुझाउनु पर्ने कर रकम दाखिला नगर्ने व्यक्ति वा संस्थाको नाम कार्यपालिकाबाट निर्णय गरी सार्वजनिक गर्न सक्नेछ ।

२०.व्यवसाय संचालन नभएको सिफारिस दिनसक्नेः (१) प्रचलित कानून बमोजिम दर्ता भएका व्यवसाय विविध कारणले सञ्चालनमा नै आउन नसकि व्यबसाय वन्दका लागि सम्बन्धित निकायको नाममा सिफारिस लिन चाहने व्यक्तिले सोको  विस्तृत कारण उल्लेख गरी संभव भएसम्मका प्रमाण संलग्न राखी सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले आवश्यक जाँचबुझ गरी व्यहोरा मनासिव देखिन आएमा आर्थिक ऐनमा तोकिएको दस्तुर लिई व्यबसाय सञ्चालनमा नरहेको व्यहोरा खुलाई आफ्नो लगतमा कट्टा गरी व्यवसाय खारेजीको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने र सोको जानकारी कर एकाइलाई समेत दिनु पर्नेछ ।

९३) उपदफा (२) बमोजिम वडा कार्यालयबाट गरिने लगत सम्बन्धी अन्य कार्यविधि समय समयमा कार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

२१.व्यवसाय दर्ता, नवीकरण नगरी संचालन गरेमा कारवाही हुनेः (१) नगरपालिका क्षेत्रभित्र प्रचलित कानून र यस कार्यविधि बमोजिम दर्ता वा नवीकरण नगरी व्यवसायसंचालन गरेको पाइएमा कार्यालयले सम्बन्धित व्यवसायीलाई पैतिस दिनको म्याद दिई व्यवसाय दर्ताको लागि पत्राचार गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिम व्यवसाय दर्ता वा नवीकरणका लागि जनाउ दिएको मितिले पैतिस दिनभित्र व्यवसाय दर्ता वा नवीकरण नगरेमा सम्बन्धित व्यक्तिको हकमा नगरपालिकाबाट प्रवाह हुने सबै किसिमकासेवा सुविधाहरु बन्द गर्न सकिनेछ ।

३) उपदफा (२) बमोजिम सेवा सुविधा रोक्का राखेको तीन महिनाभित्र पनि व्यवसाय दर्ता वा नवीकरण नगरी व्यवसाय संचालन गरेमा नगरपालिकाले बाँकी बक्यौता कर तथा जरिवाना दफा १६ को उपदफा (१) बमोजिम असुल उपर गरी दर्ता खारेजीका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

४) उपदफा (३) बमोजम दर्ता खारेजीका लागि लेखी पठाउनु पूर्व त्यस्ता व्यवसायीको सूची सार्वजनिक गर्न सकिनेछ ।

५) यस दफा बमोजिम व्यबसाय वन्दको लागि सम्बन्धित निकायमा लेखि पठाउनु पूर्व सम्बन्धित व्यवसायीलाई आफ्नो सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ

२२ दण्ड सजाय सम्बन्धी व्यवस्थाः

दफा २१ को उपदफा (१) बमोजिम र यस नगरपालिका भित्र विभिन्न निकायमा दर्ता भई सञ्चालन भएका साथै दर्ता नै नभई सञ्चालन रहेका सबै प्रकारका उद्योग व्यवसाय कानुन अनुसार शिवराज नगरपालिकाको कार्यालयमा अनिवार्य रुपमा व्यवसाय दर्ता गरनु पर्नेछ अन्यथा देहाय बमोजमि दण्ड सजाय हुनेछः

९क) कानुन अनुसार दर्ता नगरी सञ्चालन भएका व्यवसायहरुलाई पहिलो पटकलाई सचेतना गराइनेछ ।

ख) सचेतना पछी पनि दर्ता नभएमा उक्त व्यवसायलाई न्यून्तम रु ५०००। जरिवाना लेखि पालिकाको राजस्व खातामा जम्मा गर्न लगाइनेछ ।

ग) अनुगमनका क्रममा म्याद गुज्रेका सामान पाइएमा सामान जफत गरी सम्बन्धित व्यवसायलाई न्यून्तम रु १०,००० देखि रु २५,००० सम्म जरिवाना लेखि पालिकाको राजस्व खातामा जम्मा गर्न लगाइनेछ ।

घ) व्यापारिक प्रयोजनको लागि प्रयोगमा ल्याइएका नाप वा तौल वा नाप्ने वा तौल्ने यन्त्रहरु नेपाल गुणस्तर तथा नाप तौल विभागले जारी गरेको गुणस्तर अनुसार नपाइएमा यस्ता यन्त्र जफत गरी रु ५,००० देखि १०,००० सम्म जरिवाना लेखि पालिकाको राजस्व खातामा जम्मा गर्न लगाइनेछ ।

ङ) खाना खाजा नास्ता लगायतका सेवा उपलब्ध गराउने उद्देश्यले सञ्चालन भएका सबै प्रकारका व्यवसायहरु सञ्चालन भएका ठाँउमा अनुगमन गर्ने क्रममा सरसफाईको न्यून्तम मापदण्ड पुरा नगरेका उक्त व्यवसायीलाई रु ५,००० देखि रु १०,००० सम्म ज्रिवाना लेखि पालिकाको राजस्व खातामा जम्मा गर्न लगाइनेछ ।

च) व्यवसाय दर्ता गर्ने बखतमा सेवाग्राहीले झुठो विवरण पेश गरेको पाइएमा रु ५,००० देखि रु १०,००० जरिवाना सहित व्यवसाय दर्ता भईसकेको भएमा खारेजी गरिनेछ र व्यवसाय दर्ताको क्रममा रहेको भए उक्त व्यवसाय दर्ता गरिने छैन ।

## परिच्छेद-६
## विविध

२३. मदिरा, चुरोट तथा सुर्तीजन्य वस्तुको व्यवसाय दर्ता सम्बन्धी व्यवस्थाः (१) नगरपालिका क्षेत्रभित्र मदिरा, चुरोट तथा सुर्तीजन्य वस्तुको व्यवसाय सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले अभिलेख प्रयोजनको लागि  नगरपालिकामा उक्त व्यवसाय दर्ता गरी आन्तरिक राजस्व कार्यालयबाट इजाजत पत्र प्राप्त गरी सकेपछी मात्र कारोवार गर्नु पर्दछ । अन्तत शुल्क ऐन, २०५८ को दफा ९ र मदिरा

ऐन, २०३१ को दफा ६, ६क, ६ख, ६ग, र ७ ले व्यवस्था गरेको हुँदा दुवै ऐनको प्रावधान बमोजिम हुने र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२) उपदफा (१) मा भएको व्यवस्था अनुसार उक्त व्यवसाय दर्ता पछी सम्बन्धित कार्यालयबाट इजाजत पत्र प्राप्त गरी सकेपछी उक्त इजाजत पत्रको प्रतिलिपि यस कार्यालयको आर्थिक विकास शाखामा अनिवार्य रुपमा उपलब्ध गराउनु पर्दछ ।

३) उपदफा (१) र (२) मा उल्लेखित व्यवस्था बाहेक अन्य व्यवस्था मदिरा बिक्री तथा नियमन सम्बन्धी कार्यविधि २०८२ मा तोकिए बमोजिम हुनेछ ।

२४ ठेला व्यवसाय व्यवस्थापन सम्बन्धी मापदण्डः

शिवराज नगर भित्र सञ्चालन भएका ठेला व्यवसायलाई व्यवस्थापन गर्न ठेला व्यवस्थापन सम्बन्धि मापदण्ड बनाई तोकिय बमोजिम गरिनेछ ।

२५.प्रतिलिपि दिन सक्नेः (१) व्यवसायको दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा वा यस्तै अन्य कारणले नयाँ प्रमाणपत्र उपलब्ध गराउनु पर्ने अवस्था भएमा कर एकाईले आवश्यक जाँचबुझ गरी आर्थिक ऐनले तोकेको प्रतिलिपि दस्तुर लिई प्रतिलिपि प्रमाणपत्र जारी गर्न सक्नेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नवीकरण गर्ने महल खाली नभएको अवस्थामा नयाँ प्रमाणपत्र उपलब्ध गराउँदा यस दफा बमोजिमको दस्तुर लाग्ने छैन ।

२६. प्रोत्साहन गर्न सक्नेः नगरपालिकाले एकल महिला, सीमान्तकृत र उत्पीडित वर्ग तथा विपन्न युवाको उद्यमशीलता विकासलाई योगदान पुर्याउने प्रकृतिका व्यबसायलाई प्रवद्र्धन गर्न आर्थिक ऐन तथा वार्षिक नीति तथा कार्यक्रम मार्फत आवश्यक व्यबस्था गर्न सक्नेछ ।

२७.श्रमिक सम्बन्धी व्यवस्थाः व्यवसायले नेपालको प्रचलित श्रम ऐन तथा श्रमसँग सम्बन्धित प्रचलित नियम कानूनको पूर्ण पालना गर्नुपर्नेछ ।

२८.फोहोरमैला तथा वातावरण व्यबस्थापनः (१) संघीय तथा प्रदेश कानून बमोजिम प्रारम्भिक वाताबरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन गरी सञ्चालन गर्नुपर्ने व्यबसायको हकमा प्रचलित कानून बमोजिम सम्बन्धित निकायको स्वीकृति लिनु पर्ने दायित्व सम्बन्धित व्यबसायीको हुनेछ ।

२) नगरपालिकाभित्र सञ्चालन हुने उद्योग वा व्यवसायले उत्पादन वा उत्सर्जन गरेको फोहोरमैला र प्रदुषणको व्यवस्थापन गर्ने जिम्मेवारी स्वयम् व्यबसायी कै हुनेछ ।

३) व्यबसाय सञ्चालनको क्रममा उत्पादन हुने औद्योगिक, स्वास्थ्य संस्थाजन्य र हानीकारक फोहोरमैला बाहेकको अन्य साधारण फोहोरमैला नगरपालिकाले चाहेमा तोकेको सेवाशुल्क लिई व्यबस्थापन गरिदिन सक्नेछ ।

२९.व्यवसायीले सामाजिक उत्तरदायित्व बहन गर्नुपर्नेः (१) व्यवसायीले प्रचलित कानून बमोजिम तोकिएको नाफाको अंश सामाजिक उत्तरदायित्व शीर्षकमा छुट्याई नगरपालिकाभित्र सामाजिक सेवामा खर्च गर्नु पर्नेछ ।

२) कार्यालयले स्थानीय आवश्यकता र औचित्यका आधारमा व्यवसायीलाई सामाजिक उत्तर दायित्व शीर्षकमा छुट्याइएको रकम खर्चगर्ने क्षेत्र तोक्न सक्नेछ ।

३) यस दफा बमोजिम सामाजिक सेवामा गरिएको खर्चको विवरण व्यबसायीले कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

३०.वडा कार्यालयको जिम्मेवारीः (१) आफ्नो वडाभित्र सञ्चालनमा रहेका व्यापार, व्यवसायको अभिलेख अनुसूची-७ बमोजिमको ढाँचामा अद्यावधिक गरी सोको विवरण राख्ने जिम्मेवारी सम्बन्धित वडा कार्यालयको हुनेछ ।

२) उपदफा (१) बमोजिम वडा कार्यालयमा विवरण अध्यावधिक नहुँदासम्म नगरपालिका क्षेत्र भित्रको सम्पूर्ण विबरण कर एकाइमा राखिनेछ ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा ९ बमोजिम साझेदार थपघट तथा व्यबसायको ठाउँसारी सम्बन्धी कार्य कार्यपालिकाको कार्यालयबाट सम्पादन गरिनेछ ।

३१.अधिकार प्रत्यायोजन गर्न सकिनेः यस ऐन कार्यन्वयनको लागि कार्यपालिका वा प्रमुख प्रशासकीय अधिकृतमा निहित रहेको अधिकार मातहतका अधिकृतलाई प्रत्यायोजन गर्न सकिनेछ ।

३२.बाधा अड्काउ फुकाउने अधिकारः (१) यस ऐन कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

२) उपदफा (१) बमोजिमको अधिकारको प्रयोग गर्दा ऐनको मूलभूत कुरालाई असर नपर्ने गरी मात्र गर्न सकिनेछ ।

३३.बचाउः (१) यस ऐनमा लेखिएका कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

२) यस अघि नगरपालिकाबाट भए गरेका कामहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ र संघीय तथा प्रदेश कानूनसँग बाझियको हकमा भने सोतह बदर हुनेछ ।

**अनुसूची-१**

**(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)**

**शिवराज नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**चन्द्रौटा , कपिलवस्तु**

**लुम्बिनी प्रदेश,नेपाल**

**व्यवसाय दर्ता गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

**प्रथम पटक प्रकाशित मिति २० । ।**

नेपालको संविधानको अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ तथा यस नगरपालिकाको व्यबसाय ऐन, २०८२ को दफा ३ को उपदफा (२) बमोजिम हालसम्म नगरपालिकामा दर्ता नगरी सञ्चालनमा रहेका कुनै पनि प्रकारको उद्योग, व्यापार, पेशा वा यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोबार गर्ने व्यक्ति, फर्म वा कम्पनिले यो सूचना प्रकाशन भएको ३५ (पैतिस) दिनभित्र देहायका विबरण तथा कागजात संलग्न राखी नगरपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

यस सूचनाको म्याद भित्र निवेदन पेश नगरी सञ्चालन हुने व्यबसायलाई नगरपालिकाको व्यबसाय कर व्यबस्थापन ऐन, २०८२ को दफा १६ बमोजिम निजलाई कार्यालयबाट फिर्ता गर्नुपर्ने भए त्यसमा कट्टी गरेर वा नेपाल सरकार, प्रदेश सरकार, नगरपालिका वा सरकारी स्वामित्वका संघसंस्थाबाट करदाताले पाउने रकमबाट कट्टी गर्न लगाएर वा बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टी गर्न लगाएर वा करदाताको कारोबार रोक्का गरेर वा करदाताको चल तथा अचल सम्पत्ति दावी वा रोक्का गरेर वा करदाताको सम्पत्ति एकैपटक वा पटक पटक गरी लिलाम विक्री गरेर निजबाट लिनुपर्ने व्यबसाय कर असूल उपर गरी सोही ऐनको दफा ३ को उपदफा (५) बमोजिम व्यबसाय बन्दको कारवाही समेत चलाउन सकिनेछ ।

(क) व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ख) प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट व्यवसाय दर्ता र इजाजत प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि ।

(ग) गैर नेपाली नागरिकको हकमा सम्बन्धित देशको नागरिकता वा नागरिक जनिने प्रमाणपत्रको प्रतिलिपि र नेपाल स्थित राजदुतावासबाट व्यवसायीको नाममा जारी कागजात ।

(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस र आवश्यकता अनुसार सरजमिन मुचुल्का ।

(ङ) व्यबसाय सञ्चालनमा रहेको अवधि खुल्ने कागजातहरु (घर भाडा, पानी विजुली तिरेको रसिद, कर कार्यालयमा कर बुझाएको रसिद वा अन्य यस्तै कागजात) ।

(च) सञ्चालकको दुई प्रति पासपोर्ट साईजको फोटो ।

## अनुसूची-२

**(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)**

**व्यवसाय दर्ता/नवीकरण निवेदन फाराम**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,

शिवराज नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चन्द्रौटा कपिलवस्तु ।

विषयः व्यवसाय दर्ता/नवीकरण सम्बन्धमा ।

मैले/हामीले निम्न स्थानमा सञ्चालन गर्न लागेको व्यवसाय दर्ता गर्न/सञ्चालन गरेको व्यवसाय नवीकरण गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएका छु/छौं । नियमानुसार लाग्ने कर बुझाउनुको साथै नगरपालिकाबाट समय-समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौं। साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कारवाही भएमा मञ्जुर छु/छौं।

१) व्यवसायीको नाम, थरः ..............................................................

२) (फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम)

३) व्यबसायीको स्थायी ठेगाना ................ जिल्ला ............................................ न.पा. .........वडा नं. ......... मार्ग .................... घर नं. ...... मोवाइल नं.................................................

४) व्यबसायीको बाबुको नाम, थरः ..............................................

५) व्यवसाय रहने स्थानको ठेगानाः वडा नं. ..... मार्ग .......... घर नं. .....

६) सम्पर्क फोन नं. ............. मोबाईल नं. ............ इमेलः................

७) भाडामा भएको भए व्यवसाय रहने घर र जग्गा धनीको नाम, थर

......................................................

८) घर जग्गा धनीको ठेगाना ..................... वडा नं................. घर नं. .........................

९) व्यवसायको विवरणरप्रकृतिः ........................................................

१०) पूँजी लगानी रु. ..................................

११) फर्मरकम्पनीको नामः ...................................

१२) अन्यत्र दर्ता भएको भए, दर्ता नं. .................. र कार्यालयः ..............

१३) संलग्न कागजातहरुः

- आफ्नै घर जग्गा भए जग्गा धनि प्रमाणपत्रको प्रतिलिपि-१ वा भाडामा बस्ने भए भाडा रकम र भुक्तानी तरिका समेत खुलेको वहाल सम्झौतापत्र-१,
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१ वा विदेशी नागरिकको हकमा नेपालस्थित राजदुतावासबाट व्यवसायीको नाममा जारी कागजात-१,
- व्यवसायीको हालसालैको पासपोर्ट साईजको फोटो २ प्रति,
- फर्म कम्पनी रजिष्टार कार्यालयमा दर्ता भए पछी उद्योग विभाग वा घरेलु कार्यालयमाबाट इजाजत प्रमाणपत्र अनविार्य लिनु पर्ने

- आन्तरिक राजस्व कार्यालयमा अघिल्लो आ.व.सम्मको कर तिरेको करदाता प्रमाणपत्रको प्रतिलिपि ,
- वडा कार्यालयको सिफारिस,
- व्यवसाय सञ्चालन हुने सम्बन्धित वडा कार्यालयको सर्जमिन मुचुल्का ।

## अनुसूची (३)

**(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)**

**शिवराज नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**चन्दौटा ,कपिलवस्तु**

**लुम्बिनी प्रदेश, नेपाल**

### व्यवसाय दर्ता किताब

**आ.व. ..............**

| क्र.स. | दर्ता मिति | दर्ता नं. | करदाता संकेत नम्बर | संचालक वा मुख्य व्यक्तिको नाम | व्यवसाय वा फर्मको नाम | फोटो | ठेगाना | वडा नं | घर नं. | फोन नं. | इमेल ठेगाना | व्यसायको किसिम | कुल पुँजी रु | व्यबसायको श्रेणी | घर जग्गा आफ्नो वा बहालमा रहेको | संचालन भएको वा हुने मिति | नवीकरण भएको आ.ब. | प्रमाणित गर्नेको सही |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | | |

अनुसूची-४

(दफा ४ को उपदफा (५) सँग सम्बन्धित)

शिवराज नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चन्दौटा ,कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

# शिवराज नगरपालिका

## नगर कार्यापालिकाको कार्यालय

चन्द्रौटा, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

## वाणिज्य/उद्योग सम्बन्धी फर्म दर्ता

**फर्म दर्ता नं.** **मितिः २० / /**

देहाय बमोजिमको विवरण भएको " " व्यवसाय मिति २०/ / म दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ।

### विवरण

**१) प्रोप्राइटर को नाम/थर :**

**२) प्रोप्राइटरको नागरिकता नं. :**

**३) प्रोप्राइटरको ठेगाना :**

**४) फर्मको ठेगाना :**

**५) प्राइभेट फर्मको पूँजी :**

**६) प्राइभेट फर्मको उद्देश्यः**

..................................... ....................................

**फाँटवालाको दस्तखत** **प्रमाणित गर्नेको दस्तखत**

**केहि महत्वपूर्ण नियम तथा जानकारीहरु**

१) यो प्रमाण-पत्र आफ्नो व्यवसाय/पसलमा सबैले देख्नेगरी राख्नु पर्नेछ।
२) प्रत्येक आ.व. का लागि कायम हुने व्यवसाय कर आषाढ मसान्त भित्र बुझाई प्रमाण -पत्र नविकरण गर्नु पर्नेछ।
३) व्यवसाय कर भुक्तानी नगरी बाँकी हुन आएमा नगर सभाले पारित गरे अनुसार विलम्ब शुल्क लाग्नेछ।
४) नविकरण गराई बक्यौता कायम हुन आएमा तोकिए बमोजिमको जरिवाना रकम भुक्तान भएपछि मात्र पुनः नविकरण गर्न सकिनेछ
५) व्यवसाय कर भुक्तानी गर्न आउँदा यो प्रमाण-पत्र लिई आउनु पर्नेछ।
६) व्यवसाय बन्द गर्दा वा.न.पा. बाहिर सार्दा लगत कट्टाका लागि न.पा.मा जानकारी गराउनु पर्नेछ।
७) व्यवसाय/फर्मको नाम किसिम स्थान स्वामित्व आदि परिवर्तन वा संशोधन गर्दा न.पा लाई जानकारी दिनु पर्नेछ।
८) यो प्रमाण-पत्र सुरक्षित साथ राख्नु पर्नेछ। हराए वा नासिएमा तोकिएको शुल्क भुक्तानी गरी प्रमाण-पत्रको प्रतिलिपि प्राप्त गर्न सकिनेछ।
९) अन्य कुराहरु प्रचलित कानून तथा ऐन अनुसार हुनेछ।

# नविकरण विवरण

करदाता कोडः

| नविकरण | | भुक्तानी विवरण रकम रु. | | | | | दस्तखत | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| मिति | मान्य रहने अवधि | राजश्व रकम | छुट | जरिवाना | जम्मा भुक्तानी | रसिद नं. | फाँटवाला | अधिकृत | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**नोटः हरेक आर्थिक वर्षमा नविकरण गर्नु पर्नेछ।**

कानुन अनुसार अनुमति लिनुपर्ने सम्बन्धित निकायबाट अनुमति लिएर मात्र व्यवसायको उदेश्य अनुसार कारोबार सञ्चालन गर्नु पर्

## अनुसूची-५

### (दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

### व्यवसाय वर्गीकरणको ढाँचा

| क्र.सं. | ब्यवसायको किसिम | दर्ता दस्तुर | वार्षिक कर | | |
|---|---|---|---|---|---|
| | | | क बर्ग | ख बर्ग | ग बर्ग |
| १ | ब्यापारिक वस्तु | | ... करोड भन्दा बढी पुँजि लगानी भएका वा डिलर | ... लाख देखि ... करोड सम्म पुँजि लगानी भएका | .... लाख भन्दा कम पुँजि लगानी भएका |
| १.१ | डिपार्टमेन्ट स्टोर | | | | |
| १.२ | ज्वलरी, इलेक्ट्रोनिक्स आदि | | | | |
| १.३ | निर्माण सामग्री, फर्निसिङ्ग, विद्युतिय सामग्री, पेन्ट आदि | | | | |
| | इटा वालुवा डिपो, पेट्रोलियम पदार्थ | | | | |
| १.४ | सवारी साधन, मेसिनरी तथा मेसिनरी पार्टस्, लुब्रीकेन्टस आदि | | | | |
| १.५ | सवै किसिमका औषधि पसल | | | | |
| १.६ | दैनिक उपभोग्य खाद्य पदार्थ, कपडा, कस्टमेटिक, भाँडा, जुत्ता पसल आदि | | | | |
| १.७ | क्युरियो, स्टेशसनरी तथा पुस्तक पसल | | | | |
| १.८ | फलफुल, सागसब्जी, मासु | | | | |
| १.९ | अन्य ब्यापारिक वस्तु | | | | |
| २. | विषेशज्ञ सेवा | | संस्थागत | | ब्यक्तिगत |
| २.१ | चिकित्सक र इन्जिनियर | | | | |

| क.सं. | व्यवसायको किसिम | दर्ता दस्तुर | वार्षिक कर | | |
|---|---|---|---|---|---|
| | | | क बर्ग | ख बर्ग | ग बर्ग |
| २.२ | सेयर दलाल, कानून व्यवसाय, लेखापढी, विज्ञापन, लेखापरिक्षक, मेनपावर सप्लायर्स, पेन्टर, सर्भेयर, काफ्टिङ्ग, कार्भिङ्ग आदि | | | | |
| २.३ | अनुसन्धान, सर्भेयर, अनुवादक आदि | | | | |
| ३. | सेवा व्यवसाय | | ठूला | मझौला | साना |
| ३.१ | निर्माण व्यवसाय | | | | |
| ३.२ | ढुवानी सेवा | | | | |
| ३.३ | यातायात सेवा | | | | |
| ३.४ | ब्युटि पार्लर,शैलुन, पेन्टिङ्ग आदि | | | | |
| ३.५ | पार्टि प्यालेस, टेन्ट हाउस, क्याटरिङ्ग आदि | | | | |
| ३.६ | केवल, इन्टरनेट, एफएम, रेडियो, कम्युनिकेशन, फोटो आदि | | | | |
| ३.७ | रेस्टुरा, खाजा घर, मिठाई पसल, दुध दही पसल आदि | | | | |
| ३.८ | मर्मत तथा सिलाई कटाई सेवा | | | | |
| ३.९ | रियल स्टेट | | | | |
| ३.१० | पुल हाउस, जिम, साउना आदि | | | | |
| ३.११ | अन्य सेवा | | | | |
| ४ | उद्योग | | ... करोड भन्दा बढी पुँजि लगानी भएका | ...करोड देखि ... करोड सम्म पुँजि लगानी भएका | ... करोड भन्दा कम पुँजि लगानी भएका |

| क्र.सं. | ब्यवसायको किसिम | दर्ता दस्तुर | वार्षिक कर | | |
|---|---|---|---|---|---|
| | | | क बर्ग | ख बर्ग | ग बर्ग |
| ४.१ | स्थानीय कच्चा पदार्थ उपयोग गरि संचालित इटा उद्योग | | | | |
| | पानी उद्योग | | | | |
| ४.२ | वालुवा, ढुङ्गा जस्ता खानी जन्य पदार्थ प्रसोधन गर्ने उद्योग | | | | |
| ४.३ | पर्यटन मुलक उद्योग (होटल, लज, रिसोर्ट, रेष्टुरेण्ट, ट्राभल एजेन्सी, स्कीङ्ग, ग्लाईडिङ्ग आदि) | | | | |
| ४.४ | उत्पादन मूलक उद्योग (छापाखाना, चलचित्र, प्लाई उड, ह्ुमपाईप, प्यानल, ग्रील, ब्लक, काजग, काठ, प्लास्टीक, औषधी आदि) | | | | |
| ४.५ | कृषिमा आधारित उद्योग (चामल मिल, विस्कुट, वेकरी, पोल्ट्री, डेरी, शित भण्डार, दाना आदि) | | | | |
| ४.६ | अन्य उद्योग | | | | |
| ५ | वित्तिय सेवा | | | | |
| ५.१ | बैंक, विकास बैंकरफाईनान्स र लधुवित्त संस्थाको मुख्य कार्यालय | | | | |
| ५.२ | बैंक, विकास बैंकरफाईनान्स र लधुवित्त संस्थाको शाखा कार्यालय | | | | |
| ५.३ | विमा कम्पनी, सहकारी र मुद्रा सटही | | | | |

| क्र.सं. | ब्यवसायको किसिम | दर्ता दस्तुर | वार्षिक कर | | |
|---|---|---|---|---|---|
| | | | क बर्ग | ख बर्ग | ग बर्ग |
| ६. | स्वास्थ्य सेवा | | ... करोड भन्दा बढी पुँजि लगानी भएका | ... करोड देखि ... करोड सम्म पुँजि लगानी भएका | .... करोड भन्दा कम पुँजि लगानी भएका |
| ६.१ | निजी क्षेत्रवाट संचालित नर्सिङ्ग होम तथा अस्पताल | | | | |
| ६.२ | क्लिनिक तथा ल्याव, फिजियोथेरापी | | | | |
| ६.३ | अन्य स्वास्थ्य सेवा | | | | |
| ७. | शिक्षा सेवा | | उच्च शिक्षा | माध्यमिक तह | आधारभूत तह |
| ७.१ | संस्थागत विद्यालय | | | | |
| ७.२ | भाषा प्रशिक्षण | | | | |
| ७.३ | तालिम केन्द्र तथा अन्य शैक्षिक सेवा | | | | |
| ८ | माथि नपरेका अन्य | | | | |

## अनुसूची ६

**(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)**

## व्यवसाय कर निर्धारण

करदाता परिचयपत्र नं. ......................................

करदाताको नामः............................................

ठेगानाः..................................................

कर निर्धारण गरेको आर्थिक वर्षः.............................

कर निर्धारण गरेको मितिः ....................................

| सि.नं. | व्यवसायको विवरण | कर लाग्ने कुल रकम | ......... प्रतिशतले कायम हुने कर | अग्रिम दाखिला गरेको रकम | अब दाखिला गर्न बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | गत विगत वर्षको बक्यौता | | | | | |

**अनुसूची-७**

**(दफा २७ को उपदफा (१) सँग सम्बन्धित)**

**शिवराज नगरपालिका**

**........नं. वडा कार्यालय**

**लुम्बिनी प्रदेश, नेपाल**

वडामा रहेका व्यवसायको विवरण

| क्र.स. | व्यवसायीको नाम | व्यवसायरफर्मको नाम | ठेगाना | सम्पर्क नं. | दर्तारनवीकरण भएरनभएको | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

*प्रमाणिकरण मितिः २०८२/०३/१०*

*आज्ञाले,*
*बाबुराम पौडेल*
*प्रमुख प्रशासकीय अधिकृत*